# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।१४ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

मधेस प्रदेश, धनुषा जिल्ला प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट आ.व.२०७८/०७९ मा आह्वान गरिएको ठेक्का नं. PPHL2/G/NCB/**04/2078-79** को Procurement of Supply, Delivery and Installation of Equipments and Reagents for Establishment of Pathology lab in Municipality अन्तर्गतको खरिद कार्यमा अनियमितता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा आर्थिक वर्ष २०७८।०७९ मा मधेस प्रदेश, प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामबाट मधेस प्रदेश स्थित ६४ वटा स्थानीय तहमा जनस्वास्थ्य प्रयोगशाला (निदान केन्द्र) स्थापनाको लागि भएका खरिद सम्झौताहरु मध्ये Contract No: PPHL2/G/NCB/04/2078-79 को ठेक्कामा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को बमोजिम खरिद कार्य गर्नु पुर्व तयारीको कार्य नगराई उक्त खरिद विधिको अध्ययन विश्लेषण नगरी खरिद प्रयोजनार्थ बजेट माग गरी ६४ वटा पालिकाहरुमा बोलपत्र दाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.का संचालक बिशाल पण्डितको मिलेमतोमा खरिद कार्य गरेको।

मधेश प्रदेश सरकारबाट प्रदेश निदान केन्द्र सञ्चालन गर्न रु.२५,३८,५३,१२०।- रकम स्वीकृत भएकोमा स्पष्ट आधार, कारण र औचित्यता विना एउटा कार्यक्रमलाई दुई वटा ठेक्कामा टुक्र्याई चार वटा मात्रै स्वास्थ्य परीक्षण सम्बन्धी उपकरणहरू Fully Automated Hematolgy Analyzer, Fully Automated Biochemistry Analyzer, Microscope र Reagents ठेक्का नं. **PPHL2/G/NCB/04/2078-79** बाट भएको खरिद कार्यमा प्रयोगशालाको कर्मचारीको सिफारिसमा सामाजिक बिकास मन्त्रालयबाट बोलपत्र स्वीकृत भएको देखिएको। उक्त खरिद कार्यमा लागत अनुमान रू.१९,५९,८७,२००।- तयार गरेको। उक्त प्राविधिक स्पेशिफिकेशन तयार गर्दा बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौ, **Mindray** कम्पनीको नेपालको लागि एकमात्र आधिकारिक वितरक (Sole Distributor) रहेको, उक्त ठेक्कामा हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. तीनकुने, काठमाडौंले मात्र बोलपत्र सम्बन्धी कागजातसँग प्रयोगशालाले तयार गरेको Fully Automated Hematolgy Analyzer र Fully Automated Biochemistry Analyzer को प्राविधिक स्पेशिफिकेशन Mindray कम्पनीको Fully Automatic Biochemistry Analyzer, Model: Mindray BS-२३०, Fully Automatic ५ Part Hematology Analyzer Model: Mindray BC-५१५० को प्राविधिक स्पेशिफिकेशनसँग हुबहु मिलेको देखिएको। हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. कै प्राविधिक स्पेशिफिकेशन प्रयोग गरेर नै प्रदेश जनस्वास्थ्य प्रयोगशालाले आपसी मिलेमतोमा स्पेशिफिकेशन तयार गरी प्रतिस्पर्धा सिमित गरेको देखिएको।

यसै गरी प्रदेश जनस्वास्थ्य प्रयोगशालाले ठेक्का सम्झौता गर्ने हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.का सञ्चालक विशाल पण्डितकी पत्नी सञ्चालक रहेको कस्तुरी ट्रेड लिंक प्रा.लि., काठमाडौं, ससुरा संस्थापक रहेको मेडी सोलुसन इन्टरनेशनल प्रा.लि., काठमाण्डौ र दाजुले बिक्री गरेको लाइफलाइन ट्रेड इन्टरनेशनल प्रा.लि., ललितपुरसँग दररेट लिई केही रकम मात्र फरक पारी, लागत अनुमान तयार गरी प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामले बोलपत्रदाता हस्पिटेक

इन्टरप्राइजेज प्रा.लि.का सञ्चालक विशाल पण्डितसँगको मिलेमतोमा गैरकानूनी लाभ उठाउने बदनियतले पूर्व नियोजित योजना बमोजिम नै एउटै परिवार वा नातेदारहरु कै फर्मबाट दररेट लिएको देखिंदा Conflict of Interest भएको।

बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.ले बोलपत्रको सूचना आह्वान गर्नु भन्दा पहिले नै 12 May, 2022 अर्थात् वि.सं. २०७९।१।२९ गते नै Global (HK) Limited सँग ६४ थान Auto Chemistry Analyzer र Auto Hematology Analyzer खरिदको लागि अर्डर गरेर मिति २०७९।३।२० मा नेपालमा पैठारी भइसकेको पाइएको। प्रयोगशालाले बोलपत्र आह्वान गरेको सङ्ख्या बराबरको परिमाणको उपकरण पैठारी भएको गरेको देखिएबाट बोलपत्रदातालाई बोलपत्रको सूचना प्रकाशन हुनु पूर्वदेखि नै के-कुन पारिमाणमा के-कुन उपकरण खरिद गर्नुपर्ने भइरहेको भन्नेसमेत जानकारी खरिद तथा आपूर्तिमा सम्लग्न व्यक्तिहरु बीच पहिलेनै सूचना आदान प्रदान भएको र प्रयोगशालाले खरिद कार्यको सुरुवातबाट नै बोलपत्रदातासँग मिलेमतो गरी नियोजित तवरले सूचना प्रकाशन गरेको तथ्यबाट पुष्टि भएको।

तत्कालीन समयमा कुनै विशेष परिस्थिति नहुँदा नहुँदै गैरकानूनी लाभ लिन सार्वजनिक खरिद ऐन र नियमावलीको विशेष परिस्थिति सम्बन्धी कानूनी प्रावधानको चरम दुरुपयोग गरी खरिद कार्यमा बदनियत राखी गलत आधार देखाई ३० दिने म्यादलाई १५ दिनको म्याद राखी बोलपत्रको सूचना प्रकाशन गरेको, बोलपत्रदाताले मिति २०७९/०१/२९ गते नै प्रदेश जनस्वास्थ्य प्रयोगशालाबाट माग गरे बमोजिमको सङ्ख्या (६४/६४) मा नै खरिद गर्न अर्डर दिई आपूर्ति गर्न तयारी अवस्थामा बसेको पाइएको, यसरी बोलपत्र सम्बन्धी कागजातमा ५ दिन भित्र सामान उपलब्ध गराउनु पर्ने प्रावधान राखेको देखिएकोले खरिद प्रक्रियामा अन्य फर्महरुलाई सहभागी हुन नदिने र बोलपत्रमा उल्लिखित बमोजिमको उपकरणहरू पैठारीको लागि तयार भइसकेको हस्पिटेक इन्टरप्राइजेज प्रा.लि.लाई नै अनुकुल हुने गरी मिति २०७९/०२/२३ बोलपत्र पेस गर्न बदनियतपूर्ण सूचना आह्वान गरेको।

कोभिड-१९ र मंकिपक्सको कारण देखाई विशेष परिस्थितिको खरिद गर्नुपर्ने भनी सूचनाको म्याद छोट्याई बोलपत्र सम्बन्धी कागजातमा Delivery And Completion Schedule मा Delivery Date: Within 5 days of Agreement उल्लेख भएको। यसरी अत्यन्तै छोटो समय अर्थात् ५ दिन भित्रमा किटानी तवरमा कुन पालिकामा जडान र सञ्चालन गर्ने भनी पालिकाहरूको नाम नै सुनुश्चित नभएको, ६४ वटा पालिका स्थित प्रदेश निदान केन्द्रमा Supply, Delivery and Installation गर्न सक्ने सप्लायरले मात्र ठेक्का प्राप्त गर्ने अवस्था सृजना हुने मनसायले छोटो समयमा मालसामान आपूर्ति गर्नसक्ने फर्मले मात्र सहभागि हुन सक्ने गरी न्यून रकम मात्र फरक पारी बोलपत्र कागजात तयार गरी गराई खरिद प्रक्रियाको प्रतिस्पर्धामा संकुचन गरेको तर उक्त ठेक्कामा ३ (तीन) दिनभित्रमा कार्य सम्पन्न गर्ने गरी प्रयोगशाला र बोलपत्रदाता हस्पिटेक इन्टरप्राइजेज प्रा.लि. बीच सम्झौता भएको। उक्त सम्झौतामा प्राविधिक स्पेसिफिकेशनमा Supplier Must Accomplish Proper Installation And Commission Of The Equipment On The Site भनी स्पष्ट उल्लेख भएपनि प्रयोगशालाले Supply, Delivery, Installation and Commissioning भएको भनी भुक्तानी सिफारिस गरिएको।तर, प्रदेश निदान केन्द्र स्थापना भएका स्थानीय तहको दाखिला प्रतिवेदन हेर्दा मिति २०७९/०८/१८ गते पूर्व कुनै पनि स्थानीय तहमा उक्त उपकरणहरू दाखिला भएको नपाइएको भनी महालेखापरिक्षकको प्रतिवेदन उल्लेख भएको। तीन दिन भित्र Installation भएको होइन भन्ने बिषयमा अनुसन्धानबाट Random Sampling को विधिबाट भुक्तानी गरेको तर Installation बाँकी रहेको बिषयमा उक्त ठेक्काको सम्झौता बमोजिम User Training र Installation & Commissioning को जिम्मेवारी समेत रहेको प्रयोगशालाका निर्देशक र वरिष्ठ ल्याब अधिकृतले Post Delivery Inspection प्रतिवेदन पेस गरेको पाइएको र सोही प्रतिवेदनका आधारमा बोलपत्र मूल्याङ्कन समितिले अगाडि प्रक्रियाका लागि सिफारिस गरी कार्य सम्पन्न नहुँदै मिति २०७९।०३।२४ को रु. १९,४६,१३,१२०।- तीन दिनमा भुक्तानी गरेको।

आयोगको स्थलगत अनुगमन तथा निरीक्षणको क्रममा प्रायः सम्पूर्ण प्रयोगशालाहरूमा औसतमा दैनिक ४-५ जना बिरामी मात्र परीक्षणका लागि आउने गरेको, आउने बिरामी समेतले CBC, Glucose test जस्ता अत्यन्त सामान्य परीक्षण

मात्र गराउने गरेको देखिएको र जडान भएका उपकरणहरू हप्तामा १ पटक मात्र सञ्चालन गर्ने गरेको, प्राय सम्पूर्ण प्रयोगशालाहरूमा रिएजेन्टहरू म्याद गुज्रिसकेको अवस्थामा रहेको तर जनस्वास्थ्य प्रयोगशालाबाट मौखिक आदेश बमोजिम तीनै म्याद गुज्रिसकेका रिएजेन्टहरूको प्रयोग गरी नमूना परीक्षण गरी नतिजा दिइरहेको पाइएको। अधिकांश प्रयोगशालामा उपलब्ध गराइएका उपकरण पूर्णरूपमा प्रयोगमा नआई भण्डारण मात्र भएको देखिन आएकोले आवश्यकता पहिचान नगरी खरिद प्रक्रिया सम्पन्न गरिएको देखिएको। खरिद गरिएका Fully Automatic Biochemistry Analyzer, Mindray BS-२३० को नमुना परीक्षण क्षमता Up to २०० tests/hour, up to ४०० tests/hour with ISE र Fully Automatic ५ Part Hematology Analyzer, Mindray, BC-५१५० को नमुना परीक्षण क्षमता ६० samples per hour रहेकोमा कुनै पनि प्रयोगशालामा दैनिक बढीमा १० जना भन्दा बढी बिरामी नहुने हुँदा हाल खरिद गरिएको भन्दा कम क्षमताको उपकरणहरु खरिद गर्दा उपयुक्त हुने भएपनि त्यसको विपरीत आवश्यकता र कारण पुष्टि नहुने गरी अस्वभाविक रुपमा अधिक सङ्ख्यामा उपकरणहरु खरिद भएको साथै खरिद गरिएको भन्दा कम क्षमताका उपकरणहरु खरिद गरी वितरण गरिएको भए हाल खरिद गरेको उपकरणले गर्ने बमोजिमकै काम गर्नुपर्नेमा बढी खर्च गरी गराइ प्रतिवादीहरुले आफूहरुलाई गैरकानूनी लाभ तथा नेपाल सरकार/प्रदेश सरकार/सार्वजनिक संस्थालाई गैरकानूनी हानी पुर्‍याउने वदनियत राखी गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज), दफा १९ को उपदफा (२) र सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुने समेतको कसूर भएको हुँदा निज प्रतिवादीहरुलाई विगो रु.१९,४६,१३,१२०।- कायम गरी देहाय बमोजिमको सजायको मागदावी लिई आज विशेष अदालत, काठमाडौमा आरोपपत्र दायर गरिएको छ।

<u>देहायः</u>

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | मधेस प्रदेश, सामाजिक विकास मन्त्रालयका **तत्कालीन सचिव इम नारायण श्रेष्ठ, लेखा अधिकृत नबिन दास र तत्कालीन वरिष्ठ स्वास्थ्य प्रशासक मुक्ति नारायण साह** | रु.१९,४६,१३,१२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन एवं प्रतिवादी इम नारायण श्रेष्ठलाई सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिईएको। |
| २. | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका **तत्कालीन निर्देशक डा. श्रवण कुमार मिश्र** | रु.१९,४६,१३,१२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन, सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिमको गलत प्रतिवेदन दिने कसुरमा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन, सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिईएको । |
| ३. | प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका **वरिष्ठ ल्याव टेक्निसियन निरीक्षक गुणानन्द** | रु.१९,४६,१३,१२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को |

| | | | |
|---|---|---|---|
| | **प्रसाद साह, मेडीकल ल्याब टेक्नोलोजिष्ट मन मोहन मिश्र र ल्याब टेक्निसियन निरीक्षक राम उदगार यादव** | | उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन मागदाबी लिईएको छ। |
| ४. | **प्रदेश जनस्वास्थ्य प्रयोगशाला, जनकपुरधामका माइक्रोबायोलोजिष्ट (अधिकृत नवौं) जितेन्द्र कुमार साह, माइक्रोबायोलोजिष्ट (अधिकृत नवौं) अमरेन्द्र कुमार मिश्र, ल्याब असिस्टेन्ट (चौथौ तह) रमेश कुमार मण्डल, लेखा अधिकृत (अधिकृत छैठौं) अमरदीप महतो, ल्याव असिस्टेन्ट कर्मशील प्रसाद गोप र वरिष्ठ ल्याब अधिकृत उमेश चौधरी** | रु.१९,४६,१३,१२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज) बमोजिमको कसूरमा सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिमको जरिवाना गरी बिगो असुल उपर हुन र प्रतिवादी उमेश चौधरीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ को उपदफा (२) बमोजिम गलत प्रतिवेदन दिने कसुर गरेको देखिएको हुँदा सोही ऐनको दफा १९ को उपदफा (२) बमोजिम सजाय हुन मागदाबी लिईएको छ। |
| ५. | **हस्पिटेक इन्टरप्राइजेज प्रा.लि., तिनकुने, काठमाडौं तथा उक्त कम्पनीको सञ्चालक विशाल पण्डित** | रु.१९,४६,१३,१२०।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (च) र (ज) बमोजिम प्रकृतिको मतियारको कसूर भई सोही ऐनको दफा २२ बमोजिमको कसूरमा मुख्य कसूरदारहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधारमानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम मुख्य कसुरदार सरह सजाय गरी विगो असुल उपर हुन लिईएको छ। |

प्रवक्ता
राजेन्द्र कुमार पौडेल